नेपाल सरकार

गृह-मन्त्रालय

जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुर, चितवन

(आर्थिक प्रशासन शाखा)

घर भाडा सम्बन्धी शिलबन्दी दरभाउपत्र

आव्हानको सुचना नं.४/२०७५/०७६

चौथो पटक प्रकाशित सुचना मिति २०७६/०२/१५ गते।

प्रस्तुत विषयमा जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. १० स्थित भरतपुर सरकारी अस्पताल मेनगेट अगाडी रहेका प्रहरी कल्याणकोषद्धारा निर्माण भई यस शिक्षालयको प्रत्यक्ष रेखदेखमा रहेका प्रहरी सपिङ्ग कम्प्लेक्शहरु बैंक, वितिय सस्था, आई एम ई, मेडिकल स्टोर, होटल, पार्टी प्यालेस, सपिङ स्टोर, खाजा घर आदीको लागि अतिपयोगि Block A र Block B का सटरहरु तथा हलहरू समय सापेक्ष रुपमा सिलबन्दी दरभाउपत्रका माध्यमबाट भाडामा दिने निर्देशानुसार चौथो पटक-१५ (पन्ध्र) दिनको सुचना प्रकाशित गरिएको छ। ईच्छुक संघ-संस्था, फर्म वा व्याक्तिले तपशिल बमोजिम शर्तहरूको अधिनमा रहि रीतपूर्वकको शिलबन्दी दरभाउपत्रको लागि आव्हान गरिएको छ।

**तपशिल:-**

१) दरभाउ पत्रको सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सटर वा हल भाडामा खरिद गर्नको लागी प्रति दरभाउ पत्र रू.३००।- (तीन सय) फिर्ता नहुने गरी बुझाई जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुरको आर्थिक प्रशासन शाखाबाट कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिने छ। प्रत्येक सटर वा हलको लागी छुट्टा-छुट्टै दरभाउ पत्र खरिद गरि रित पुर्वक भरी पेश गर्नु पर्ने छ।

२) खरिद भएको दरभाउपत्रमा खरिद दाताले प्रष्टसंग आफुले कवोल गरेको दररेट अंक र अक्षरमा लेखि सटर नम्वर तथा ब्लक नम्वर उल्लेख गरी प्रत्येक पानामा सहि छाप गरि नाम, ठेगाना प्रष्टसंग भरि १६ औं दिनको १२:०० वजे भित्र यस जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुरमा सिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्ने छ। दर्ता भएका दरभाउपत्रहरू सोही दिनको १४:०० वजे उपस्थित दरभाउपत्र दाताहरू तथा प्रतिनिधिहरूको रोहवरमा यस शिक्षालयमा खोलिने छ। दरभाउपत्र दाताहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) धरौटी बापत कवोल अंकको तपशिलमा उल्लेखित न्यूनतम कायम गरिएको -३ (तिन) महिना बराबरको भाडा रकम रा.बा.बैक भरतपुर शाखामा रहेको को.ले.नि.का. चितवनको धरौटी खाता नं. खातामा १३१०२०३०००००० जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ र उक्त धरौटी बापतको रकम टेण्डर नपरेमा पहिलो बोलपत्र दाताले सम्झौता गरे पछी र टेण्डर परेमा कारोवार समाप्त भएको ६ (छ) महिना पछी मात्र फिर्ता हुने छ।

४) दरभाउपत्र स्वीकृत भए पछि कवोल अंक बराबरको भाडा रकम जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुरमा प्रत्येक महिनाको ५ (पाँच) गते भित्र अग्रिम बुझाउनु पर्ने छ।

५) सटरभाडाको सम्झौताको अवधि ५ (पाँच) वर्ष सम्म हुने छ।

६) करार गर्ने ब्यक्ति वा फर्मको ५ वर्षको कार्य सम्पादन सन्तोषजनक भएमा दुबै पक्षको सहमतिमा थप ५ (पाँच) बर्ष नबढने गरी पुन करार गर्न सकिने छ।

७) सटर भाडामा बस्ने संघ-संस्था,फर्म वा व्यक्तिहरुले सवमिटरमा उठेको विधुत महशुल र पानीको महशुल आफैले बुझाई भौचर पेस गर्नु पर्ने छ।

८) दरभाउ पत्रमा कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट भएको हुनु पर्ने छ।

९) रीत नपुगेको र म्याद नाघेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०) निम्नानुसारका सटरहरु तथा हलहरु सटर र हल नम्बर अनुसार छुट्टा-छुट्टै रुपमा व्यक्ति, कम्पनी तथा फर्मले भाडा लिनु पर्ने छ। तर एकै व्यक्ति वा फर्मले एक भन्दा बढी सटर वा हल भाडामा लिन चाहेमा छुट्टा-छुट्टै फर्म भरी भुझाउन सक्ने छ।

११) दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुलेको समयमा हुने छ।

१२) नागरिकताको प्रतिलिपि र पासपोर्ट साईजको -१ प्रति रंगिन फोटो, प्यान नम्बर खुलेको कागजपत्र, धरौटी रकम जम्मा गरेको भौचर संलग्न राखि यस शिक्षालयबाट बिक्री भएको रित पुर्बक भरिएको दरभाउ पत्र फाराम समेत खाम बन्दी गरि खामको बाहिर आ-आफ्नो नाम थर, ठेगाना, सम्पर्क नम्बर समेत उल्लेख गरि शिलबन्दी गरि यस शिक्षालयको आर्थिक प्रशासन शाखामा दर्ता गराउनु पर्ने छ।

१३) दरभाउपत्र वारे अन्य कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र ९८५५०९०१६३, ९८५५०५२६७८ र ९८५५०९०३०५ तथा जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुर आर्थिक प्रशासन शाखामा आई बुझ्न सकिने छ।

१४) तपशिल बमोजिको न्यूनतम कायम गरिएको भाडा दरमा ईच्छा अनुसार बढि भाडा दर भरी पेश गर्न सकिने छ।

१५) टेण्डर प्रक्रियाको सिलसिलामा कुनै दुबिधा भएमा टेण्डर समितिको निर्णय आधिकारीक हुने छ।

१६) सटर तथा हलहरूको अवलोकनको लागि ९८०३९६०४२८ (दिनेश रानाभाट) सम्पर्क गर्न सकिने छ।

१७) सटर तथा हलहरुमा ऐन कानुनद्धारा निषेध गरिएका बस्तुहरु बिक्री बितरण गर्न पाईने छैन।

१८) भाडा वृद्धीको सम्बन्धमा सम्झौता भएको पहिलो ३ (तिन) बर्ष सम्म भाडा वृद्धी नहुने र चौथो बर्ष देखी प्रत्येक बर्ष ५ (पाँच) प्रतिशतका दरले भाडा वृद्धी हुदैजाने छ। यो नियम दोश्रो ५ बर्षे अवधीको लागि लागु हुने छैन।

निम्न :-

**A) Block (जिल्ला प्रहरी कार्यालय तर्फको) :-**

| सि.नं. | सटर तथा हल नम्वर | संख्या | सटरको क्षेत्रफल | हलको क्षेत्रफल | प्रति सटर/हल को न्युनतम मुल्य | जम्मा रकम रु. | कैं. |
|---|---|---|---|---|---|---|---|
| १ | ३ र ४ नम्वर प्रति सटरको प्रति महिना कर सहित भाडा रकम रु. | २ | ११×२२ | - | २०,०००।०० | ४०,०००।०० | |
| २ | ७,९, र ११ नम्बर प्रति सटरको प्रति महिना कर सहित भाडा रकम रु. | ३ | ११×२२ | - | ३०,०००।०० | ९०,०००।०० | |
| ३ | १२ र १३ नम्वर प्रति सटरको प्रति महिना कर सहित भाडा रकम रु. | २ | ११×२२ | - | ४०,०००।०० | ८०,०००।०० | |
| ४ | ८ नम्बर सटरको भाडा | १ | ११×११ | - | २५,०००।०० | २५,०००।०० | |
| ५ | १,२,४,५ र ६ नम्वर प्रति हलको प्रति महिना कर सहितको भाडा रकम रु. | ५ | - | २२×२२ | ३१,७०१।०० | १५८५०५।०० | |
| ६ | ३ नम्वर प्रति हलको महिना कर सहितको भाडा रकम रु. | १ | - | ३४×२२ | ४८,९९३।०० | ४८,९९३।०० | |

**B) Block (अस्पताल रोड तर्फको) :-**

| सि.नं. | हल नं. | संख्या | सटरको क्षेत्रफल | हलको क्षेत्रफल | प्रति हल को न्युनतम मुल्य | जम्मा रकम रु. | कैं. |
|---|---|---|---|---|---|---|---|
| १ | १ नम्वर हलको प्रति महिना कर सहितको भाडा रकम रु. | १ | - | ८२×२२ | २,०५,०००।०० | २,०५,०००।०० | |
| २ | २ नम्वर हलको प्रति महिना कर सहितको भाडा रकम रु. | १ | - | ७१×२२ | १,७७,५००।०० | १,७७,५००।०० | |

**पुनश्च :-**

१. माथि उल्लेखित भाडा रकमहरु मा घर वहाल कर १०% समावेश गरिएको छ।
२. Block No-A को सटर नम्बर ८ सिङ्गल सटर कोठा रहेको छ। सोहि अनुसार भाडा अनुमान गरिएको छ।

**जुनियर प्रहरी अधिकृत शिक्षालय भरतपुर, चितवन**